

# पुतलीको जीवन

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# पुतलीको जीवन

नताशा भिजकारा

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ — पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| | |
|---|---|
| सुन्दर पुतली | ५ |
| रूपान्तरण | ८ |
| अन्डा | १० |
| झुसिल्किरा | १२ |
| प्युपा | १६ |
| पुतली | १८ |
| शब्द अर्थ | १९ |




# सुन्दर पुतली

पुतलीहरू सुन्दर र हिस्सी परेका प्राणी हुन् । यी ठुलो, रङ्गीन र कत्ला भएका पखेँटासहितका किराहरू हुन् ।



पुतलीहरू विभिन्न आकार प्रकारका हुन्छन् । केही एक इन्चसम्म साना हुन्छन् । केही ११ इन्चसम्म ठुला हुन्छन् । संसारभरमा करिब २० हजार प्रकारका पुतलीहरू छन् ।



खानाका लागि फुलको रस जम्मा गर्दै पुतलीहरू एक फुलदेखि अर्को फुलसम्म उड्छन् । यिनले एक फुलबाट अर्कोमा पराग कण फैलाएर फुलहरूलाई प्रजननमा सघाउँछन् ।



## रूपान्तरण


पुतली बन्नका लागि पुतलीहरू एक विशेष प्रकारको प्रक्रियाबाट गुज्रन्छन् ? यो प्रक्रियालाई कायाकल्प अर्थात् रूपान्तरण भनिन्छ ।



जब एउटा सजीव वस्तु एउटा आकृतिबाट अर्को फरक आकृतिमा परिवर्तन हुन्छ, त्यसलाई रूपान्तरण भनिन्छ । एउटा पुतलीको रूपान्तरण चार चरणहरूले बनेको हुन्छ : अन्डा, झुसिल्किरा, प्युपा र वयस्क पुतली ।








## अन्डा

पुतलीको जीवन अन्डाबाट सुरु हुन्छ । माउ पुतलीले बोट बिरुवामा धेरै अन्डा पार्दछे । पछि त्यो बिरुवाले खानाको काम गर्दछ ।



केही पुतलीले एक पटकमा एउटा मात्र अन्डा पार्दछन् । अरूले एक पटकमा सयौँ अन्डा पार्दछन् । यी अन्डाहरू निकै साना हुन्छन् । ती झन्डै तिलको एउटा गेडा जत्रा हुन्छन् ।



# झुसिल्किरा

केही हप्तापछि अन्डाबाट साना झुसिल्किरा कोरलिन्छन् । झुसिल्किरा ससाना धेरै खुट्टाहरूसहितको मोटो किरा (जुका, गड्यौला) जस्तै देखिन्छन् । केही झुसिल्किराको झुसबिनाको चिल्लो छाला हुन्छ । अरू झुसिला हुन्छन् ।





झुसिल्किराले जतिबेलै खान्छन् र धेरै खान्छन् । यिनले आफू कोरलिएको बिरुवा खान्छन् । अनि यिनले खानका लागि अरू बिरुवाहरू हेर्छन् ।





भोका भुसिल्किराहरू केही हप्तामा नै धेरै गुणा बढ्छन् । जब यो बढ्छ, यसले काँचुली फेर्छ वा आफ्नो पुरानो छाला गुमाउँछ । अनि यसले खान छाड्छ र अर्को रूपान्तरणका लागि ठाउँ खोज्दछ ।



झुसिल्किराले आराम गर्नका लागि उसलाई खान सक्ने अरू प्राणीभन्दा टाढा सुरक्षित ठाउँ खोज्दछ । जब यसले बोट बिरुवा वा रुखमा एकान्त ठाउँ भेट्दछ, त्यहाँ आफूलाई टाँस्दछ र उल्टो झुन्डिन्छ ।



## प्युपा

पुतलीको जीवनको यो चरणमा भुसिल्किराको वस्त्र फाल्दछ र प्युपा देखा पर्दछ । जसलाई कोषस्थ कीट वा सुनौलो लार्भा पनि भनिन्छ । प्युपाभित्र धेरै परिवर्तन भइरहेको हुन्छ ।



प्युपा चरण दुई सातादेखि एक महिनाभन्दा बढी समयसम्म चल्दछ । वयस्क पुतली बाहिर निस्कने अघिल्लो दिन प्युपा पारदर्शी बन्दछ ।





# पुतली

अन्ततः एउटा वयस्क पुतली आफ्नो प्युपाबाट निस्कन्छ । यसका पखेटाहरू चाउरिएका र चिसा हुन्छन् । नयाँ पुतलीले आफ्ना पखेटा सुख्खा हुन दिन केही समय आराम गर्नुपर्दछ । अनि, यो टाढा टाढा उड्न सक्छ र फुल फुल चाहार्न सक्दछ ।





# शब्द अर्थ

**रूपान्तरण** - एउटा रूपबाट अर्को रूपमा बदलिनु

**काँचुली फेर्नु** - पुरानो छाला गुमाउनु

**पराग कण** - बिरुवामा फल लगाउने मसिनो धुलो वस्तु

**एकान्त** - लुकेको, अरूले नदेख्ने ठाउँ

**रूपान्तरण** - आकृति वा स्वरूपमा नाटकीय परिवर्तन

**पारदर्शी** - कुनै कुरा भित्रसम्म देखिनु, वस्तुको एक पाटोबाट अर्को पाटोमा प्रकाश पुगेको वा छिरेको